Phone No:076550383
Google + Code: M5QF+48

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या.:०७९।८०
चलानी नं.:

मिति: २०७९।०४।२२

# छात्रवृत्ती सम्बन्धी सूचना

बाणगंगा नगरपालिका, स्ट्रोम फाउन्डेसन र सिद्धार्थ सामाजिक विकास केन्द्र जितपुरसंगको साझेदारीमा बाणगंगा छात्रवृत्ती कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्रका जेहेन्दार तथा गरिव विद्यार्थीहरुलाई प्राविधिक र अप्राविधिक शिक्षाको क्षेत्रमा छात्रवृत्ती प्रदान गरिने भएकोले तपसिल बमोजिमको आधार र मापदण्ड पुरा गरेका किशोर किशोरीहरुलाई ३० दिन भित्र **https://samvad-scholarship.kirdarc.org/** लिङ्क बाट फारम भरी आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

**प्राविधिक तर्फ प्रदान गरिने छात्रवृत्ती**

- स्टाफ नर्स
- जेटिए (पशुपंक्षि र कृषि विकास)
- स्वास्थ्य सहायक
- सव ईन्जिनियर
- ल्याब प्राविधिक

**अप्राविधिक विषयका लागि प्रदान गरिने छात्रवृत्ती**

- माध्यमिक तथा स्नातक तह

**छनौटका आधार र मापदण्डहरु:**

- आवेदन दिने आवेदक ग्रेजुएट फोरम वा किशोर किशोरी नेटवर्क मध्य एउटाको सदस्य भएको हुनुपर्नेछ।
- छात्रवृत्तीको कुल कोषको रकम कम्तिमा ८० प्रतिशत सम्वाद ग्रेजुएट फोरम वा किशोर किशोरी नेटवर्कका सदस्यहरुलाई प्रदान गरिनेछ। स्थानीय अवस्थाको विष्लेषण गरी छात्रवृत्ती प्रदान गर्न आवश्यक देखिएमा २० प्रतिशत अन्य (सम्वाद कार्यक्रम भन्दा बाहिर) पनि प्रदान गर्न सकिनेछ तर यसमा यथेष्ठ आधारको पुष्टि गर्नुपर्नेछ।
- आवेदकले छात्रवृत्ती प्राप्त गर्नका लागि प्राविधिक शिक्षाको तोकिएको प्रवेश परीक्षा उत्तीर्ण गरेको वा पहिलो वर्ष अध्यनरत हुनुपर्नेछ।

**निमित्त प्रमुख**
**प्रशासकीय अधिकृत**

Phone No:076550383
Google + Code: M5QF+48



पत्र संख्या.:०७९।८०

चलानी नं.:

**मापदण्डहरु:**

❖ **शैक्षिक योग्यता:**

- यो मापदण्डका लागि शैक्षिक ग्रेड प्रमुख आधार हुनेछ यस अन्तर्गत आवेदकले ४० प्रतिशत अंक प्राप्त गर्नेछन । यसको निर्धारण गर्न शैक्षिक प्रमाण पत्रलाई आधार मान्न सकिने छ ।

❖ **सामाजिक पक्ष:**

- यो मापदण्डले सामाजिक विविधताका हरेक पक्षलाई समेटने कोशिस गरेको छ । जस अन्तर्गत यो पक्षलाई तीन क्षेत्रमा विभाजन गरिएको छ ।

  क) उम्मेदवारको जात र जाति

  ख) अपाङ्गता

  ग) लैङ्गिक सामाजिक समावेशीकरण

  यस मापदण्ड अन्तर्गतका लागि ३० प्रतिशत अंक छुट्टयाईएको छ ।

❖ **आर्थिक पक्ष:**

यो मापदण्डलाई तीन क्षेत्रमा विभाजन गरिएको छ ।

क) आय श्रोत

ख) सम्पति ( जग्गा र सम्पति)

ग) रोजगार स्थिति

(आवेदक सदस्यहरु वा नजिकका नातेदारहरुको रोजगार स्थिति । यस मापदण्डका लागि ३० प्रतिशत अंक छुट्टयाईएको छ )

८०।४।२२

**निमित प्रमुख**
**प्रशासकीय अधिकृत**